परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक २८ २०७८ फाल्गुण ८ गते आईतवार Sunday 20, FEB 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## प्रजातन्त्र दिवसको अवसरमा
## कानून मन्त्रीद्धारा विपन्नको लागि निर्माणधीन भवनमा श्रमदान

विराटनगर । १०४ वर्ष लामो निरङ्कुश राणा शासनअन्त्यभई प्रजातन्त्र स्थापना भएको दिनको सम्झनामा माघ ७ गते देशभर विभिन्न कार्यक्रम गरी प्रजातन्त्र दिवस मनाइएका छन् ।

विभिन्न वक्तव्य र भाषणमा सीमित हुने दिवसलाई प्रदेश १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले श्रमदान गरी मनाएको छ । विराटनगर महानगर पालिकामा निर्माणाधीन सुविधा सम्पन्न बस्ती महानगर आवास परियोजनामा उहाँले श्रमदान गर्नु भएको छ ।



प्रदेश १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले श्रमदान

जनताका आधारभूत आवश्यक्ता गाँस, बास र कपासलाई सुनिश्चित गर्ने सन्देशका रूपमा दिवस मनाएको उहाँले बताउनु भयो । उहाँले भन्नुभयो 'फाल्गुण ७ गतेको दिनलाई हामीले भाषण गर्ने दिनका रूपमा लिएका छौं । उत्सवका रूपमा मनाउँछौं, तर पनि नागरिकका गाँस, बास, कपास, आर्थिक स्वतन्त्रता, मानव अधिकारको रक्षागर्नलाई पनि सरकारको ध्यान जानुपर्छ र त्यसै अनुसार दिवस फरक ढङ्गले मनाएको हुँ ।'

सरकार जनतासँग प्रत्यक्ष सम्पर्कमा रहनुपर्ने उल्लेख गर्दै जनताका हरेक कामगर्ने उहाँको भनाई छ । सम्पन्न बस्तीमा एक सय ४५ घर निर्माणाधीन अवस्थामा रहेका छन् । विपन्न नागरिकलाई सम्पन्न बनाउनका लागि रोजिहिरा फाउण्डेसन र हामी युवाले स्वयमशेवक व्यवस्थापन गरिरहेका छन् । यो अभियानमा कामगर्न स्काउट लगाएतका विभिन्न संघ सस्थाबाट समेत स्वयंसेवक परिचालनभएका छन् ।

वस्तिमा रोजीहिरा फाउण्डेसन की अध्यक्ष रोजिना प्रधान राई, हामी यूवाकी अध्यक्ष जीनाजंगकार्की लगाएत टिमले श्रमदान गरेका छन् । वस्तिमा जतिसक्दो छिटो काम सम्पन्न गरेर नागरिकलाई हस्तान्तरण गरिने ह्याविट्याट नेपालका सिनियर अप्रेसन म्यानेजर रामप्रसाद सिंह दनुवारले वताए ।

त्यसैगरी सोही दिवसको अवसरमा प्रदेश सरकारले विराटनगरमा रहेको मानव सेवा आश्रममा फलफूल वितरण गरेको छ । आश्रममा अनाथ, बेसहारा,

वांकी अन्तिम पेजमा...

## कुकर बम राख्ने समूह पक्राउ

झापा । झापाको बिर्तामोड बसपार्क र दमक स्थित सिवान चर्चमा बम जस्तो देखिने शंकास्पद प्रेसर कुकर राख्ने समुहका ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

फरक फरक मिति र बिभिन्न स्थानबाट पक्राउ परेका ९ जनालाई जिल्ला प्रहरी कार्यालय झापाले सार्वजानिक गरेको हो ।

पक्राउ पर्नेमा झापा गौरादह नगरपालिका वडा नं. २ का ३८ बर्षीय सुमन कुमार कार्की ( योजनाकार), झापा कन्काई नगरपालिका वडा नं. ३ का ४१ बर्षीय भिष्म थापा, दमक नगरपालिका वडा नं. ९ कि ५० बर्षीया देवी बास्कोटा (गुरागाई), कान्काई नगरपालिका वडा नं. ४ स्थित कोटीहोममा पुजारी काम गर्ने ५८ बर्षीय कुमार भन्ने यमदत्त सिटौला रहेका छन् ।

त्यसैगरी सिवसताक्षी नगरपालिका वडा नं. १ का ३२ बर्षीय सरुण लिम्वु भन्ने दिल कुमार सामेखाम, संखुवासभा खाँदवारी नगरपालिका वडा नं. १० घर भई हाल सुन्दरहरैचा नगरपालिका वडा नं. ६ मोरङ बस्ने २९ बर्षीय मनमोहन दहाल, झापा गौरिगञ्ज

वांकी ३ पेजमा...

## समस्या समाधानार्थ संघको पहल

विराटनगर । मोरंग व्यापार संघको अध्यक्ष नवीन रिजाल नेतृत्वको टोलीले नेपाल कम्युनिष्ट पार्टी एमालेका महासचिव एवं पूर्व अर्थ मन्त्री माननीय विष्णु पौडेलसँग भेटघाट गर्दै विराटनगर नाका जोड्ने भारतको बथनाहा-जोगबनी खण्डमा अवस्थित मीरगञ्ज पुलको विकल्पमा संघको पहलमा निर्मित नयाँ पुलको अस्थायी संचालनका लागि भारतका सम्बन्धित निकायहरुमा पहल गरिदिन अनुरोध गर्दै ज्ञापन पत्र बुझाउनु भएको छ ।

सोही टालीले पूर्व अर्थ मन्त्री माननीय विष्णु पौडेल सहित प्रदेश नं. १ का पूर्व सामाजिक विकास मन्त्री माननीय जीवन घिमिरे समक्ष समेत ज्ञापन पत्र बुझाएको थियो ।

क्षतिग्रस्त मीरगञ्ज पुलले अवरुद्ध हुन पुगेको विराटनगर नाका र त्यसको विकल्पमा प्रयोग गरिएको भीमनगर-भन्टाबारी नाकाका कारण मोरङ-सुनसरी आर्थिक कोरिडोरका औद्योगिक /व्यवसायिक प्रतिष्ठानहरुलाई पर्न

वाँकी अन्तिम पेजमा...

## स्वास्थ्य सेवा घर-घरमा पुर्‍याउनु चुनौती

विराटनगर । स्वास्थ्य सेवाको पहुँचलाई घर घरमा पुराउने कार्यलाई प्रदेश १ का स्वास्थ्य विकासमन्त्री जयराम यादवले चुनौति र अवसरको रुपमा लिएको बताएको छ ।

शनिबार विराटनगरमा आयोजित तिनटोलिया समाज सेवा समितिको प्रथम साधारण सभाको उद्घाटन गर्दै मन्त्री यादवले प्रक्रिया पुराएर समिति अघि बढ्नसके सरकारले सामुदायिक स्वास्थ्य अस्पतालको लागि संरचना तयार गर्ने प्रतिवद्धता जाहेर गरेका थिए ।

प्रजातन्त्र दिवसको सन्दर्भलाई जोड्दै मन्त्री यादवले पूर्वराजा पृथ्वीनारायण शाहले दिएको नारा चार जात छत्तीस वर्णलाई पुरा गर्ने अभिभारा जनतामा आएको बताए । उनले भने, पूर्व राजाले उठाएका सान्दर्भिक भनाईलाई पुरा गर्ने जिम्मेवारी हाम्रो हो । जनप्रतिनीधि र जनताको जिम्मेवारी अब चार जात छत्तीस वर्णको फुलवारी बनाउने हो ।' राजनीतिक दल वा सामाजिक कार्यबाट हिमाल तराई र मधेश, र पहाड क्षेत्रमा बसोबास गर्ने नेपालीलाई एउटै मालामा गाँसेर राष्ट्रलाई सम्मुन्त बनाउनुपर्नेमा मन्त्री यादवले जोड दिएका थिए ।

कार्यक्रममा महानगर पालिका का मेयर भीम पराजुलीले समाजले गर्दै आएको गतिवीधिको प्रशंसा गरेका थिए । कोभिड १९ को पहिलोचरणबाट समाजले घर घरमा विरामी उपचार, सेनेटाइजर देखि अक्सिजन पुराउने कार्य गरेका स्मरण गर्दै मेयर पराजुलीले समाजको कार्यशैली र युवाको समिश्रणले पृथक र प्रभावकारी भूमिका खेलेको बताए । कार्यक्रममा मेयर पराजुलीले समितिमा महिलाको उपस्थितीलाई सकारात्मक रुपमा लिएको बताए । उनले भने, समाज समितिमा पुरुष र युवा भन्दापनि महिलाको सक्रियको म ठूलो प्रशंसक रहेको छु । यहाँहरुले जन्मदेखि मृत्यु र साह्रो गाह्रोको अवस्थामा समेत सर्वसाधारणलाई रातविरात सहयोग पुराउनु भएको छ । सेवामा आफूलाई समाहित गर्नु भएको छ ।

वांकी अन्तिम पेजमा...







परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## प्रजातन्त्र...

सडक मानवहरूलाई मुख्यमन्त्री कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला प्रशासन कार्यालय मोरङ, आधिकारिक ट्रेड युनियन लगायतले फलफूलवितरण गरेको हो । वितरण कार्यक्रमम ।मुख्यमन्त्री राजेन्द्र कुमार राईले सरकारले बेसहारा मानवको सेवागर्नु धर्म गर्नु सोसरह रहेको उल्लेख गर्दै सरकार बेसहारा नागरिकको जीवन रक्षागर्न लागि परेको बताएका थिए ।

## कुकर..

गाउँपालिका वडा नं. ३ का ३२ बर्षीय आन्द भन्ने अनन्त प्रसाद गिरी, गौरादह नगरपालिका वडा नं. ५ का ३३ बर्षीय प्रदीप थापा र गौरीगञ्ज गाउँपालिका वडा नं. ३ का ४५ बर्षीय बिजय कुमार दास हलुवाई रहेका छन ।

झापाको विर्तामोड नगरपालिका वडा नं. ४ स्थित पश्चिम बस स्टेण्डमा माघ ९ गते बम जस्तो देखिने शंकास्पद प्रेसर कुकर, हिमाल सुरक्षा परिषदको नामको पर्चाहरु फेला परेको र दमक नगरपालिका वडा नं. ५ स्थित सिवान चर्चको गेटमा सोही प्रकृतिको शंकास्पद बस्तु प्रेसर कुकर र हिमाल सुरक्षा परिषदको नामको पर्चाहरु फेला परेको थियो ।

त्यसैगरी माघ १३ गते फेला परेको घटना सम्वन्धमा १ नम्वर प्रदेश प्रहरी कार्यालय बिराटनगरको अनुसन्धान समुह (रिट), जिल्ला प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय अनारमनी र इलाका प्रहरी कार्यालय दमकको प्रहरी टोली संयुक्तरुपमा परिचालन भई घटनाको सुक्ष्मरुपमा अनुसन्धान गरी उक्त अपराधिक गतिविधिमा संग्लग्न व्यक्तिहरुलाई फरक फरक मितिमा विभिन्न स्थानहरुबाट पक्राउ गर्न सफल भएको हो ।

पक्राउ परेका ब्यक्तिहरुबाट प्रहरीले हिमाल सुरक्षा परिषद नेपाल लेखेको पर्चा २ थान, हिमाल सुरक्षा परिषद नेपाल लेखिएको लेटर प्याड ५ थान, बैङ्कको चेकबुक २ थान, केन्द्रिय कमिटि, कोशी अंचल, मेची अंचल कमिटिको हस्ताक्षर मात्र भएको छापहरु १० थान, बिभिन्न कम्पनीका ७ थान मोवायल फोन समेत बरामद भएको थियो ।

पक्राउ परेका ९ जनाको समुहलाई मुलुकी अपराध संहिता २०७४ को परिच्छेद ७ को विष्फोटक पदार्थ सम्बन्धी कसूर अन्तर्गत झापा जिल्ला अदालतबाट म्याद लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## स्वास्थ्य...

सहयोगी कार्यका लागि यो भन्दा अरु सन्तुष्टि के नै होला ।'

कार्यक्रममा समितिले विभिन्न क्षेत्रका ७ जनालाई सम्मान गरेको छ । समाजले स्वास्थ्य क्षेत्रबाट विराटनगर स्थित न्यूरो कार्डियो एण्ड मल्टी स्पेशियालिटी हस्पिटलका सञ्चालक एवं वरिष्ठ न्यूरो सर्जन डा. वीरेन्द्रकुमार विष्ट, साहित्य क्षेत्रबाट वरिष्ठ साहित्यकार मधु पोखरेल, वरिष्ठ नागरिकतर्फबाट पंडित हरिप्रसाद निरौला, शिक्षा क्षेत्रबाट धुतर मण्डल, समाजिक क्षेत्रबाट लिलानाथ ढुंगेल, कलाकारिताबाट भानु कला केन्द्रकी संस्थापक अध्यक्ष माया पौडेल र पत्रकारिता क्षेत्रबाट अभयकुमार राईलाई सम्मान गरेको थियो ।

कार्यक्रममा समितिका अध्यक्ष डीगेन्द्र राउतले तिनटोलिया समाजले सदैव समाजका लागि कार्य गर्ने प्रतिवद्धता जाहेर गर्दै समितिको आर्थिक पाटो पारदर्शी रहेको बताउँदै उनले आउँने दिनमा समितिको भवन बनाउने तर्फ सबैको ध्यान केन्द्रित हुनेमा जोड दिएका थिए । स्थानीय सरकार, नीजि क्षेत्रका व्यक्तित्वबाट सहयोग जुटाउदै अघि बढेको समाजले जनताको पीरमर्का नै पहिलो प्राथमिकतामा राख्दै आएको बताए ।

## समस्या...

गएको नकारात्मक प्रभावहरु अवगत गराई त्यसको शिघ्र समाधानार्थ हाल नयाँ पुललाई अस्थायी रुपमै भएपनि संचालनमा ल्याउन सकिने देखिएको बताउँदै सो का लागि भारतका सम्बन्धित निकायमा जोडदार पहल गरिदिन अनुरोध गरेको थियो ।

सो अनुरोध लगत्तै पूर्व अर्थ मन्त्री विष्णु पौडेलले नेपालका लागि भारतीय राजदूतसँग कुराकानी गर्नु भई तत्कालिक समाधानका उपाय बारे महामहिम राजदूतसँग छलफल गर्नु भएको थियो । प्रतिउत्तरमा महामहिम राजदूतले सो अवस्था बारे आफू पनि जानकार रहेको र समस्या निराकरणका लागि आफू सकारात्मक रहेको बताउँदै सो समाधानका लागि दर्शाइएका तत्कालिक कदमहरु शिघ्रताका साथ अघि बढाइने आश्वासन दिनु भएको थियो ।

त्यसका साथै अध्यक्ष रिजालले पूर्व परराष्ट्र मन्त्री माननीय प्रदिप कुमार ज्ञवालीज्यूसँग समेत भेटघाट गरी उद्योगी/व्यवसायीहरुको विद्यमान समस्याहरु बारे अवगत गराउनु भएको थियो । उपरोक्त भेटघाटहरुका क्रममा संघका अध्यक्ष रिजाल सहित पूर्व अध्यक्ष पवन कुमार सारडा, वरिष्ठ उपाध्यक्ष अनुपम राठी र कार्य कारणी सदस्य सुशिल सुराना समेतको उपस्थिति रहेको थियो ।

# कंचनवारीको नोवेल अस्पतालका सवै सेवाहरू खुल्ला



विराटनगर । विराटनगर स्थित नोबेल शिक्षण अस्पतालले अस्पतालका कुनैपनि सेवा अवरुद्ध नरहेको जनाएको छ । अस्पताल प्रशासनले सूचना जारी गरेर अस्पतालका सम्पूर्ण सेवा सूचारु रहेको जानकारी दिएको हो ।

अस्पतालका सेवाहरु सूचारु भए/नभएको विषयमा विरामीहरुले टेलिफोनबाट सोधपुछ गर्ने क्रम बढेको भन्दै अस्पताल प्रशासनले यो विषयमा सूचना जारी गरेको हो । 'केही दिनदेखि अस्पताल सेवा बन्द रहेको भनी जनमानसमा भ्रम फैलिएको र धेरै विरामीहरुले अस्पतालमा फोन सम्पर्क गरी सोधखोज गरिरहनु भएको छ,' अस्पतालले जारी गरेको सूचनामा भनिएको छ,'नोबेलको ओपीडी, इमरजेन्सी, भर्ना, अप्रेशन लगायत सम्पूर्ण सेवा सूचारु रहेको जानकारी गराएको छ ।'

नोबेल, निजी क्षेत्रबाट सञ्चालित पूर्वी नेपालको सवैभन्दा ठूलो अस्पताल हो । नोबेलमा पूर्वी नेपालका विभिन्न जिल्लासहित छिमेकी मूलुकबाट पनि दैनिक करिब तीन हजार विरामी उपचारका लागि आउँने गरेका छन् ।

सर्वसुलभ मूल्यमा भरपर्दो उपचारका लागि नोबेल विरामीहरुको रोजाइमा पर्ने गरेको छ । अत्याधुनिक उपकरण र दक्ष चिकित्सकको व्यवस्थापनका कारण नोबेलले जटिल एवं दुर्लभ अप्रेशन पनि सफलतापूर्वक गर्दै आएको छ ।

स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पस लगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौं वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# प्रजातन्त्र दिवस र लोकतन्त्रका नेता

नेपाल राणाहरुको निरंकुश शासनवाट नेपाली जनताले छुटकारा पाएको दिन माघ ७ गतेलाई प्रजातन्त्र दिवसको रुपमा मनाउँदै आएको छ । प्रजातन्त्र स्थापना भएको साढे ७ दशक पारगरी सकेको छ । त्यसको सान्दर्भिकता उतिकै पनि उतिकै छ। निरंकुश राणाहरुको शासनवाट नेपाली जनतालाई छुटकारा दिलाउने श्रेय नेपालका राजा त्रिभुवनलाई जान्छ। राजा त्रिभुवनले आफ्नो राजगद्दीको समेत प्रवाह नगरी भारतको दिल्लीवाट नै निरंकुश राणा शासनलाई समाप्त गरी फाल्गुण ७ गते नेपाल फर्केका थिए। सोही दिनलाई आज सम्म राष्ट्रिय प्रजातन्त्र दिवसको रुपमा भव्यताका साथ मनाई रहेको छ । प्रजातन्त्रलाई विभिन्न नाम दिएर राजनीतिक दलका नेताहरुले विभिन्न खाले परिवर्तनहरु गरेको छन् । ती परिवर्तनहरु गर्दै नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। नेताहरुको जीवन शैली सत्ता परिवर्तनसंग परिवर्तन भएको छ तर जनताको जीवन शैली जस्तो र ाणा, राजाको शसनकालमा थियो त्यही अनुरुप नै चलि रहेको छ। राणा र र ाजाको वेला पनि जनतामा गरीबी, अशिक्षा, कष्टकर जीवन थियो । अहिले पनि सोही अवस्थामा छ । सत्ता परिवर्तन संगै राजनीतिक दलका नेताहरु धनी भएका छन्। नताहरुको छोरा छोरी बढेलेखरे डाक्टर, इन्जिनियर बनेका छन् । जनता चाहि ज्यूका त्यू अवस्थामा रहेको छ ।

लोकतान्त्रि गणतन्त्र शासनका नेताहरुले राणा शासनको मुक्ति दिलाउने, राजावाट मुक्ति दिलाउने केही नेताको उदाहरणीय कामहरुको गणगान गर्दछन् तर ती नेता वा उदाहरणीय काम गरेको अभियन्ताहरुले गरेको कामको कहिले पनि नक्कल गर्दैन । जसका कारण देशमा अशान्ति, अशिक्षा, गरीवी दिन दिनै वढ्दै गई रहेको छ। लोकतान्त्रि गणतन्त्रका अभियन्ताहरु र ाजा पृथ्वी नारायण शाह, राजा त्रिभुवन, विशेश्वर प्रसाद कोईराला, मनमोहन भण्डारी, लगायतको वारेमा हरेक भाषणमा चर्चा गर्ने गरेको छन् तर ती नेताहरुले देखाएको वाटोमा कहिले पनि वर्तमानकालका नेताहरु हिडेका छैनन् । अहिलेका नेताहरु, कालो धन जम्मा गर्ने, आफ्न्तलाई रोजगारी दिलाउने, जातिवाद, नातावाद, हावी भएकोले देशमा दिन दिनै भ्रष्टाचार बढ्दै गईरहेको छ भने देश वैदेशिक ऋणमा डुवी रहको छ । जव सम्म नेताहरुको आचरणमा परिवर्तन हुँदैन जन तन्त्र आएपनि आम नेपाली जनता दु:ख भोगी नै रहनेछ। त्यसैले नेपालमा भएका राजनीतिक दलका नेतहरुले आ-आफ्नो आचरण परिवर्तन गरी जनताको लागि सत्ता हो भनेर जनताको सेवामा समर्पित हुनु पर्छ ।

नेपालमा देखिएको राजनीतिक दलहरु जनताको लागि नभई राजनीतिक पार्टी विकासको लागि, आफ्ना नातागोतालाई समृद्ध वनाउनका लागि, सम्पत्ती कमाउनको लागि, जनतलाई ठग्नको लागि, विकास निर्माणको नाममा कमीसन खानको लागि मात्र राजनीति गरको देखिन्छ। स्वार्थपुर्वक गरको राजनीतिले आम नेपाल जनता दु:ख भोगि रहेको छ । स्वार्थ पूर्वक गरको राजनीतिकै कारण अहिले हरेक नियुक्तिहरुमा अयोगहरु भर्ना भई र हेको छ भने योग्यहरु बाहिर वेरोजगारीको शिकार वनिरहेको छ । योग्य जनशक्ति विदेश जान समेत वाध्य भई रहेको छ । त्यसैले प्रजातन्त्र दिवसमा जनता ठग्ने गरी भाषण दिनु भन्दा पनि जनताको अगाडी काम गरेर देखाउने समय आएको छ अन्यथा जनता एक नेताहरुलाई समेत ठेकान नलगाउलान भन्न सकिन्न । वेलामै आफ्नो आचरण सुधार गर्न तिर लाग्न आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# नेपालको भूराजनीतिक जटिलता र समृद्धिको सपना

**विक्रम तिमिल्सिना**

एक दशकको माओवादी द्वन्द्व, जनआन्दोलन-२ र अर्को एक दशकको शान्ति प्रक्रियामार्फत नयाँ संविधान हुँदै नेपाली समाज अगाडि बढिरहेको छ। यो प्रक्रियामा नेपाली राजनीतिको एउटा मूल नारा भएको छ- समृद्धि। तर समृद्धि कसरी सम्भव गराउन सकिन्छ भन्नेमा कुनै दलसँग न ठोस योजना देखिन्छ, न त्यसप्रति गम्भीर तयारी। समग्र राष्ट्र त्यस मार्गमा हिंडेको आभास दिलाउने केही राष्ट्रियस्तरको कार्यक्रम पनि देखिएको छैन। तर यसैबीच देश निरन्तर पेचिलो बन्दै गएको भूराजनीतिको भुमरीमा फस्दै गएको देखिन्छ।

अर्थतन्त्र डामाडोल छ। आन्तरिक स्रोत साधारण खर्चकै लागि अपुग हुने स्थिति छ। छिमेक र अन्य प्रमुख दातृ राष्ट्रको विश्वास जितेर उनीहरूबाट लाभ लिने कुरामा भन्दा पनि उनीहरूलाई चिढ्याउन दल तथा तिनका नेता उद्यत देखिन्छन्। त्यसैले विद्यमान भूराजनीतिक अवस्थामा नेपाल समृद्धिको यात्रामा जाला या भूराजनीतिकै भुमरीमा फस्दै झनै संकटको बाटोमा जाला ? यसै भन्न सकिने स्थिति छैन। तर पछिल्लो चरणमा संकटको मार्ग बलियो बन्दै गएको आभास हुन थालेको छ।

अमेरिकी राष्ट्रिय सुरक्षा तथा विदेश मामिला विज्ञ जेम्स जे क्याराफानो भन्छन्, 'आजको युगमा साना राष्ट्र शक्तिशाली राष्ट्रका भीमकाय पाङ्गाले कुल्चेर पिसिने बालुवा होइनन्, बरु तिनका लागि 'साना' राष्ट्रको 'ठूलो' महत्व छ।' उनी अगाडि थप्छन्, 'भूराजनीतिमा शक्ति राष्ट्रका लागि अर्को कुनै देशको महत्व उसँग भएको हातहतियार र पैसाको परिमाणले होइन, उसको नक्साङ्कनले निर्धारण गर्दछ। हो, त्यही नक्साङ्कनको आधारमा शक्ति राष्ट्रका लागि नेपाल महत्वपूर्ण देश हो। ठूला राष्ट्रबीच चरम शक्तिसंघर्ष चलिरहेको अहिलेको जटिल भूराजनीतिको परिप्रेक्ष्यमा हाम्रो देशको रणनीतिक महत्व झनै बढेको छ। तर शक्ति राष्ट्रको लागि स्थापित भएको हाम्रो महत्वलाई सदुपयोग गर्न सके मात्र हामीलाई त्यो महत्वको अर्थ हुन्छ।

हाम्रा दुवै छिमेकी शक्तिशाली देश भएकोले उनीहरूकै समृद्धितिरको यात्रामा सहयात्री बन्दै हामी पनि प्रगतिपथमा अघि बढ्न सक्छौं। तर नेपाल आफैं जिम्मेवार र होसियार हुन सकेन भने अरूको लागि बढेको हाम्रो महत्वको सिकार हामी आफैं नहौंला भन्न सकिन्न। परिवर्तित परिस्थितिमा हामीले हाम्रो भौगोलिक अवस्थितिको सदुपयोग गर्न सकेनौं भने पृथ्वीनारायण शाहले अठारौं शताब्दीमै भनेजस्तो दुई ढुङ्गाबीचको तरुलको नियति हुने सम्भावना पनि कायम छ।

हामीसँग मूलत: दुई बाटा छन्। पहिलो, एउटा शक्तिराष्ट्रको स्वार्थका लागि अर्को विरुद्ध प्रयोग नहुने तर तिनका जायज रुचि सम्बोधन गरी उनीहरूको सहयोग लिएर आफ्नै लागि सदुपयोग हुने। दोस्रो, शक्ति राष्ट्रबीच एकअर्काका लागि प्रयोग भएर आफ्नो प्रगति मात्र होइन, अस्तित्व नै संकटमा पार्ने। गम्भीरतापूर्वक पहिलो विकल्पका लागि काम गर्नु नै देशको हित अनुकूल हुन्छ भनेर भनिरहन परेन।

विशेषगरी विश्वकै महत्वपूर्ण शक्तिका रूपमा उदाइसकेको चीन र उदाइरहेको भारतबीच हामीले सन्तुलन कायम गरेर आफ्नो हित अनुकूल र दुवैको हित प्रतिकूल नहुने र नदेखिने गरी दुवैको विश्वास जितेर अघि बढ्नु नै नेपालसँग रहेको विवेकपूर्ण र लाभदायक विकल्प हो। यो विकल्पसँग गाँसिएर आउने अर्को महत्वपूर्ण पाटो हो, हाम्रो अमेरिकासँगको सम्बन्ध। यो पछिल्लो चरणमा एमसीसीमार्फत झनै नकारात्मक मोडतिर गइरहेको छ। समस्या नै यो हो कि सन्तुलन र समदूरीको विकल्पमा आजसम्म उल्लेख्य काम हुनसकेको छैन।

हामी जटिल भूराजनीतिको एउटा केन्द्रमा छौं। तीन दिशामा एउटा विशाल लोकतान्त्रिक राष्ट्र छ भने अर्कोतिर भीमकाय कम्युनिष्ट मुलुक। दुवैको राष्ट्रिय सुरक्षा संवेदनशीलता हामीसँग जोडिएको छ। अर्थात् हामी दुई शक्तिराष्ट्रका राष्ट्रिय सुरक्षा स्वार्थका बीचमा छौं। विश्वकै महाशक्ति राष्ट्र अमेरिका पनि मूलरूपमा उसको चीन रुचिले हामीलाई आफ्नो राष्ट्रिय सुरक्षा स्वार्थकै दृष्टिले हेर्ने गर्दछ। यो नै हाम्रो लागि ठूलो अवसर र ठूलै चुनौती हो।

सन् १९९९ मा चीनले आफ्नो विश्वव्यापी हुने रणनीति अनुरूप 'बाहिर जाऊ नीति' (गो आउट पोलिसी) अवलम्बन गरेपछि ऊ विश्वका अविकसित देश मात्र होइन, सम्पन्न राष्ट्रसम्म पनि आर्थिक लगानीका माध्यमबाट घुस्न थाल्यो। यसले उसको विश्वव्यापी कूटनीतिक प्रभाव विस्तारमा सहयोग पुग्यो। चीनले सन् २०१३ मा सुरु गरेको बीआरआई परियोजनाले उसको वैश्विक महत्वाकांक्षालाई अझ स्पष्ट र फराकिलो पारिदियो।

दक्षिणएशियामा पछिल्लो दशकमा बीआरआई परियोजना र त्यसबाहेककै चिनियाँ प्रभाव विस्तारले समेत यस क्षेत्रमा नयाँ तरङ्ग नै ल्याइदिएको छ। यसबाट भारत र अमेरिका दुवै चिन्तित छन्। भारतले यस क्षेत्रमा चीनको विकल्पकै रूपमा आफूलाई उभ्याउन सकेको छैन, न त चीनको बढ्दो प्रभावलाई सहजताका साथ स्वीकार्न नै सकेको छ। यही भूराजनीतिक संघर्षको एउटा विन्दु नेपाल पनि हो।

दक्षिणएशियाको भूराजनीतिक परिस्थिति जटिल बन्नुका पछाडि केही कारण छन्। भारत र चीनबीचको विद्यमान सीमा विवाद, भारतको दक्षिणएशियालाई आफ्नो विशेष प्रभाव क्षेत्र मान्ने मानसिकता, चीन त्यसलाई दह्रो चुनौती दिँदै प्रभाव विस्तारमा अघि बढेको परिस्थिति, चीनको बलियो आर्थिक कूटनीति र त्यसमा तुलनात्मक रूपमा कमजोर भए पनि भूराजनीतिक र कूटनैतिक हिसाबले भारत बलियै रहनु केही प्रमुख कारण हुन्।

अझ अमेरिकाको यो क्षेत्रमा कायम रहेको रुचि, प्रभाव र उसको चीनसँगको द्वन्द्वात्मक सम्बन्धले यो संवेदनशीलतालाई बढाइदिएको छ। र, यो नै नेपाल जस्ता साना मुलुकको लागि ठूलो सुरक्षा चुनौती हुनगएको छ। त्यही चुनौतीलाई अवसरको रूपमा लिएर फाइदा लिनसक्ने सम्भावना पनि हामीसँगै छ। हामी यसबाट लाभान्वित हुनसक्ने कि नसक्ने ? यसको निर्धारण हामी मात्रै त गर्न सक्दैनौं तर हाम्रो सही नीति र त्यसको कार्यान्वयनले धेरै फरक पार्न सक्दछ।

दुवै छिमेकीका नेपालमा आ-आफ्नै स्वार्थ हुने नै भयो। दुवैले नेपाललाई आफ्नो स्वार्थका लागि प्रयोग गर्न खोज्ने नै भए। उनीहरूको द्विपक्षीय द्वन्द्व कायम रहेको स्थितिमा हाम्रो देशले एउटाको स्वार्थ पूरा गर्दा अर्कोको स्वार्थमा धक्का लाग्न सक्छ। त्यसमा हामी होसियार हुनु आवश्यक छ। क्षणिक फाइदाको लागि हामीले एउटाको विरुद्ध अर्कोलाई प्रयोग गर्न सक्दैनौं, हुँदैन। गर्‍यौं भने दीर्घकालको लागि त्यो हाम्रो हित प्रतिकूल हुनेछ। त्यस्तो प्रतिकूल परिणाम हाम्रो देशले बेलाबेलामा यसअघि नै भोगेको पनि छ। त्यसैले एउटा छिमेकीको लागि अर्को छिमेकी विरुद्ध प्रयोग हुँदैनौं भन्ने हाम्रा साझा कटिबद्धता हुन् र त्यो कटिबद्धताप्रति उनीहरूमा विश्वास निर्माण गर्न आवश्यक छ।

छिमेकीको सवालमा हामी समदूरीको व्यवहार गर्छौं भन्ने विश्वास हाम्रा छिमेकीमा निर्माण गर्न हामीले इमानदार प्रयास गर्नुपर्छ, गरिरहनुपर्छ। हामीले यो पनि स्थापित गर्नुपर्दछ कि उनीहरूको जस्तै हाम्रो पनि राष्ट्रिय स्वार्थ छ र त्यसको जगेर्ना गर्नु हाम्रो जिम्मेवारी हो। हामीले दुवैको उचित चासो सम्बोधन गरेर हाम्रो चासोको लागि काम गर्छौं भन्ने स्पष्ट सन्देश कुरो र कामबाट दिनु जरूरी छ। र यो प्रवृत्ति सरकारमा जुन दल आए पनि कायम रहन्छ भन्ने विश्वास दिलाउन सक्नुपर्छ।

अहिले हामीप्रति छिमेकीको विश्वास कायम हुनसकेको छैन। त्यसमा हाम्रो मात्रै दोष त छैन, तर हाम्रो पनि दोष छ। पछिल्लो समय भारत सोचिरहेछ- नेपाल पूरै चीनपरस्त भएको छ। भारतसँग तत्काल केही समस्या देखिए पनि नेपाल बलियो रूपमा चीनमैत्री छैन र ऊ जतिबेला पनि भारतपरस्त नीतिमा लाग्न सक्छ भन्ने चीनमा संशय छ। यसको मतलब हामी हाम्रो राष्ट्रको लागि भन्दा पनि एकअर्काको विरुद्ध प्रयोग हुन सक्छौं भन्ने संशय दुवै छिमेकीमा छ। त्यो हाम्रो लागि समस्या हो। यसमा उनीहरूको आफ्नै द्वन्द्वको भूमिका पनि छ, तर हाम्रो आफ्नो प्रभावकारी भूमिका नहुँदा पनि समस्या समाधानउन्मुख हुनसकेको छैन।

एउटा भूपरिवेष्टित र तुलनात्मक रूपमा सानो आकारको हाम्रो देशले त्यही विश्वासमा टेकेर नै समृद्धिको जग बसाउनु बुद्धिमत्तापूर्ण हुनेछ, नत्र खोक्रो राष्ट्रवादको हतियार त हाम्रा लागि प्रत्युत्पादक हुने निश्चितप्राय: छ।

अमेरिकाको सवालमा आफ्नो हितअनुकूल हुने गरी एमसीसी कार्यान्वयनमा लैजानुपर्छ भन्ने भन्दा पनि यसले चीन रिसाउँछ भन्ने भाष्य यसैको एउटा उदाहरण हो। यदि एमसीसी आफ्नो हितअनुकूल छ भन्ने विश्वास भए त्यही विश्वासमा टेकेर चीनको विश्वास जित्न सकिने परिस्थिति निर्माण गर्न सकिने थियो। न हामीले चीनको विश्वास जित्न सकेका छौं, न त अमेरिकाको नै।

वांकी ४ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३५०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# प्रदेश १ को नामाकरणको तयारी

विराटनगर। प्रदेश नं. १ को नामकरणका लागि प्रक्रिया सुरु गर्न प्रदेश सरकारले फागुन १० गते सर्वदलीय बैठकको आह्वान गरेको छ। नामकरणका लागि समन्वय तथा सहजीकरण गर्न यसअघि प्रदेश नं. १ सरकारले बनाएको समितिका तर्फबाट सर्वदलीय बैठकको आह्वान गरिएको हो।

प्रदेश नं. १ को सरकारको गत माघ १६ गतेको मन्त्रिपरिषद् बैठकले तत्कालीन सामाजिक विकास मन्त्री जयराम यादवलाई प्रदेश नं. १ को नामकरणका लागि समन्वय तथा सहजीकरण गर्न जिम्मा लगाएको थियो। सोही समितिको जिम्मेवारीअनुसार, आज मुख्यमन्त्री राजेन्द्रकुमार राईको उपस्थितिमा उहाँकै कार्यकक्षमा बसेको बैठकले प्रदेशको नाम टुंगो लगाउने प्रक्रिया अघि बढाउन लागेको हो।

बैठकमा नेपाली कांग्रेसका तर्फबाट संसदीय दलका उपनेता एवं सडक, पूर्वाधार तथा शहरी विकास मन्त्री हिमाल कार्की, नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता एवं आर्थिक मामिला तथा योजना मन्त्री इन्द्र आङ्बो र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी संसदीय दलका नेता तथा सामाजिक विकास राज्यमन्त्री विष्णु तुम्बाहाम्फे सहभागी हुनुहुन्थ्यो।

बैठकले सत्तारुढ पाँच दलीय गठबन्धनका तर्फबाट सर्वसम्मतीले प्रदेश नं. १ को नाम प्रस्ताव गरिने प्रारम्भिक सहमति गरेको हालका स्वास्थ्य मन्त्री तथा प्रदेशको नामकरणका लागि गठित समन्वय तथा सहजीकरण समितिका प्रमुख जयराम यादवले जानकारी दिनुभयो। 'आजको बैठकमा प्रदेशको नाम प्रदेश सभामा प्रस्तुत गर्नुपर्दा सत्तारुढ गठबन्धनका तर्फबाट सहमतिमा प्रस्ताव गर्ने प्रारम्भिक सहमति गरेका छौं' मन्त्री यादवले भन्नुभयो।

मन्त्री यादवले प्रदेश नं. १ को नामकरण सम्बन्धमा फागुन १० गते प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसहितको सर्वदलीय बैठक डाकिएको जानकारी दिनुभएको छ। उक्त बैठकमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका संसदीय दलका नेता, तिनै दलहरूका प्रदेश कमिटी अध्यक्ष/सभापति, सरकारका सबै मन्त्रीहरू सहभागी हुने मन्त्री यादवले बताउनुभयो। उहाँका अनुसार, बैठक फागुन १० गते दिनको १२:१५ बजेका लागि डाकिएको छ।


**लागुऔंषध रहित परिवार : स्वस्थ जीवनको आधार**

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ। लागुऔषधको उत्पादन, संचय, ओसार-पसार, विक्री वितरण तथा सेवन कानूनत दण्डनीय छ। गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं। स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

विराटनगर महानगर पालिका, प्रदेश १



**कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना**

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १







# एक महिना भित्रै नयाँ पुल संचालन गरिने भारतीय केन्द्रीय मन्त्रीको आश्वासन




जोगवनी-बथनाह सडक खण्डको परमान नदीको नयां र पुरानो पुल। तस्वीर सौजन्य : मोरंग व्यापार संघ

विराटनगर। विराटनगरसंग सिधै जोडिने भारतको बथनाहा-जोगबनी सडक खण्डमा पर्ने परमान नदीमा निर्मित नयाँ पुल एक महिना भित्रै संचालन गरिने भारतीय केन्द्रीय मन्त्रीले आश्वासन दिएको छ।

मोरंग व्यापार संघले बथनाहा-जोगबनी सडक खण्डमा पर्ने परमान नदीमा निर्मित नयाँ पुलको शिघ्र संचालनका लागि विगत एक महिना देखि उठाउँदै आएको माग प्रति भारतीय सडक, परिवहन तथा राजमार्ग मन्त्री माननीय नीतिन गड्करीले सकारात्मकता दर्शाउँदै सो पुल पूर्ण रुपमा संचालनमा ल्याउने गरी कार्य अघि बढाउन आफूले निर्देशन दिएको जानकारी गराएको छ।

नेपाल स्थित भारतीय राजदूतावास मार्फत भारतका केन्द्रीय मन्त्री माननीय गड्करीले उक्त जानकारी गराउनु भएको छ भने भारत स्थित नेपाली राजदूतावासले समेत संघको मागलाई भारतीय पक्ष समक्ष प्रस्तुत गरी सकिएको जनाएको छ। उक्त आश्वासन पश्चात संघको अध्यक्ष नवीन रिजालले खुसी व्यक्त गर्दै संघको सो पहल प्रति सकारात्मक कदम चाल्नु हुने सबैमा आभार प्रकट गरेको छ।

नेपाली उद्योगी/व्यवसायीहरुले मोरङ-सुनसरी आर्थिक कोरिडोरको दुःख भनि सम्बोधन गर्दै आएको जीर्ण अवस्थाको मीरगञ्ज पुलको विकल्पका लागि मोरंग व्यापार संघले विगत केहि वर्ष देखि नेपाल र भारतका कैयौं निकायहरुको ध्यानाकर्षण गराउँदै आएको थियो।

विगतमा आएका बाढीहरुका कारण मीरगञ्ज पुल क्षतिग्रस्त हुँदा मुलुककै दोश्रो ठूलो नाका विराटनगर भन्सार कार्यालय मार्फत मालवाहक सवारी साधनहरुको आवागमन पटक पटक अवरुद्ध हुँदै आएकोमा संघले तत्कालिक रुपमा भीमनगर-भन्टाबारी नाका मार्फत रि-रुट र क्षतिग्रस्त पुलको जीर्णोद्वार लगायतका कार्य गरी सवारी साधनहरुको आवागमन अस्थायी रुपमा सूचारु गराउँदै आएको छ।

त्यसका साथै संघले त्यसको स्थायी समाधान स्वरुप मीरगञ्ज पुलको समानान्तरमा ४ लेनको नयाँ पक्की पुल निर्माणका लागि भारत र नेपालका विभिन्न निकायहरुमा जोडदार पहल गर्दै आएको थियो। फलत: विगत २ वर्षको छोटो अवधिमै उक्त नयाँ ४ लेनको पुलको निर्माण कार्य अन्तिम अवस्थामा आई पुगेको छ।

यद्पी, जनवरी २०२२ को पहिलो सातामा मीरगञ्ज पुल पुन: क्षतिग्रस्त भई सवारी साधनहरुको आवागमन ठप्प हुन गएकोमा संघका अध्यक्ष नवीन रिजाल सहितको टोलीले पुलको स्थलगत निरीक्षण गरी त्यसको समानान्तर मा अन्तिम अवस्थामा निर्माणाधिन नयाँ पुलको निर्माण कार्य यथाशिघ्र सम्पन्न गर्न र तत्कालिक रुपमा सम्भव देखिएको सो पुलको अस्थायी संचालनका लागि माग गर्दै आएको छ।

# कोशी अस्पताललाई प्रदेश १ को नमुना बनाउने मन्त्रीको प्रतिवद्धता

विराटनगर। स्वास्थ्य तथा जनसंख्या मन्त्री बिरोध खतिवडाले स्वास्थ्य बिमामा देखिएको समस्या एक महिना भित्र समाधान गर्ने बताएको छ।

बिराटनगरको बिहान संवाद समुहले आयोजवना गरेको संवादको क्रममा बिमा कार्यक्रमको रकम अस्पतालहरुले पाउन नसकेको भन्ने गुनासोमा उनले तत्काल त्यो रकम उपलब्ध गराईने बताएका हुन्। 'अहिले बिमा बापतको रकम भुक्तानी हुन नसक्नुको कारण भनेको कर्मचारी अभावले हो, उनले भने, त्यो समस्या समाधान गर्नकालागि तत्काल कर्मचारी ब्यवस्थापन गरेर एक महिना भित्र बिमाको रकम भुक्तानीको लागि वातावरण बनाईने भएको छ।'

कोशी अस्पतालको सुधारको लागि काम शुरु भएको बताउँदै भौतिक पूर्बाधार निर्माणमा काम शुरु भएको दाबी गर्दै उनले अब सुबिधा सम्पन्न अस्पतालको रुपमा अघि बढेको उनले बताए। 'संरचना बन्ने काम शुरु भएको छ, अब सुबिधा सम्पन्न अस्पताल को विकास हुँदैछ उनले भने, वीमा काजका कर्मचारीबाट चलाएको अबस्था थियो, अब बिमाकालागि ५० जनाको हाराहारीमा कर्मचारी थपेर ब्यवस्थित गर्नेकाम शुरु गारिएको छ।'

कोभिडका कारण स्वास्थ्य क्षेत्रको बजेट ८ प्रतिशत पुग्नुले स्वास्थ्य क्षेत्रमा सुधार हुँदै गएको बताए। 'स्वास्थ्य क्षेत्रमा केही पूर्बाधार निर्माण भएको देख्नुभएको छ, त्यो भनेको कोभिडका कारण आएको बजेट कार्यान्वायनको अबस्था हो, उनले भने, समग्र बजेटको २ प्रतिशतमा चलेको स्वास्थ्य क्षेत्रमा अहिले ८ प्रतिशत बजेट बढेको छ, यसले काम अघि बढेको छ।' कोशी अस्पतालको सुधारको काम जे सोचेको छ त्यही हुन्छ। क्लिनकमा जाने र अस्पताल समयमा नबस्ने डाक्टर समस्याको रुपमा रहेको बताएका मन्त्री खतिवडाले तलब दोब्बर गर्दापनि समस्या देखिएपछि यसको कानुनी उपचार खोज्नु पर्ने अबस्था रहेको सुनाए।

कोशी अस्पताललाई मेडिकल कलेजको रुपमा विकास गर्नका लागि पूर्वाञ्चल विश्वबिद्यालयसँगको सहकार्यमा काम शुरु भएको वहांको भनाई थियो।

सुधारको संकेत

कोशी अस्पतालको भौतिक पुर्बाधार निर्माणलाई प्राथमिकतामा राखिने, ओएनएम सर्बेलाई तत्काल पारित गरि कार्यान्वायनमा लगिने, जसले कोशी अस्पतालको जनशक्ति समस्या समाधान गर्ने सहमती भएको छ। स्वास्थ्य बीमा ईन्ट्रीमा समस्या रहेकोले त्यसकालागि तत्काल जनशक्तिको ब्यवस्थापन गरि अबको एक महिना भित्र बिमा समस्या समाधान गरिने,

त्यसैगरी कोशी अस्पतालको रोकिएको बिमा वापतको रकम तत्काल निकासा गरिने बारेमा सहमती भएको हो। आईसीयु बेड भएको भेन्टीलेटर नभएको कुनै त्यस्तो आबश्यक भएको अस्पतालले माग गरे संघीय सरकारले भेन्टीलेटर सहितका उपकरणहरु उपलब्ध गराउने पनि भनिएको छ। प्रदेश अन्तरगतका अस्पतालमा देखिएको जनशक्ति समस्या समाधान गर्न प्रदेश सरकारले विशेषज्ञ सहितको जनशक्ति लोकसेवा मार्फत ब्यवस्थापन गर्ने, तत्कालको जनशक्तिलाई आबश्यकता बारेको प्रदेश सरकारबाट माग भएमा संघीय सरकारले छात्रबृतिको डाक्टर उपलब्ध गराउने मन्त्री खतिवडाले प्रतिवद्धता जनाएका छन्। कोशी कोभिड अस्पताललाई प्रदेश १ को हब अस्पतालको रुपमा विकास गर्न दलहरुले माग गर्दै आएका थिए। प्रदेश १ का सामाजिक विकास मन्त्री जयराम यादवले प्रदेश १ का १४ जिल्ला अस्पताललाई सहज जनशक्ति ब्यवस्थापनको काम प्रदेश सरकारले थाल्ने बताए।

'प्रदेश १ अस्पतालको स्तरोन्नतीको काम प्रदेश सरकारले थालीसकेको छ, जजनशक्ति ब्ययवस्थापनमा समस्या देखिएकोले समाधानको लागि कानुन निर्माण गरेर कार्यान्वायनमा लाग्न तयार छौं।' कोशी अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट चुमनलाल दासले कोशी अस्पताललाई रिफरलल अस्पतालको रुपमा विकास गर्नकालागि पुर्बाधार, जनशक्ति, औजार उपकरण र ब्यवस्थापकीय पक्षलाई बलियो बनाउन सरकारले सहयोग गर्नु पर्ने बताए। कोशी अस्पतालको ५ सय बेड स्तरोन्नती गर्नका लागि ओएनएम सर्बे कार्यान्वायनमा जाने हो भने ११ सय ३८ जना जनशक्तिको ब्यवस्थापन हुने बताए।

पूर्ब सामाजिक विकास मन्त्री तथा प्रदेश सांसद जीवन घिमिरेले कोशी अस्पतालको स्तरोन्नती, शिक्षण अस्पताल, रिफरल अस्पताल बनाउनको लागि ओएनएम स्वीकृती भयो भने जनशक्ति समस्या समाधान हुने बताउ। भौतिक प्रगतीको काम भईरहेकोले भौतिक खर्चको लागि प्राथमिकता पाउनु पर्नेमा जोड दिए।

नेपाली कांग्रेसका भक्तिनाथ माझीले नागरकले तत्काल सुबिधा हुँदा हुँदै पनि सेवा पाउन नसकिरहेको बताए। उनले डाक्टरहरु अदालतको साक्षी बकपत्रमा जानु पर्ने भएपनि साँक्षी बकपत्रमा दिईएको समयमा नजाने गरेको सुनाए।

नेकपा एकिकृत समाजवादीका महेश रेग्मीले सबैको प्राथमिकता स्वास्थ्य क्षेत्र भएपनि प्राथमिकता लाई ध्यान नदिईएको बताए। स्वास्थ्य क्षेत्रमा मुस्कान सहितको सेवा ल्याउनु पर्ने बताए। उनले सरकारको प्राथमिकतामा कोशी अस्पताल पर्नुपर्ने बताए।

कार्यक्रममा प्रदेश सभा सदस्य सावित्रा रेग्मी लगायत मोहम्मद कादिर लीला रिजाल, प्रमिला थापा मोरङका प्रमुख जिजल्ला अधिकारी काँशीराज दाहालले अस्पताल सुधारका बिकल्पहरु दिएका थिए। अस्पतालमा उपकरण जडान भएर पनि आईसीयु र भेन्टीलेटर सञ्चालनमा आउन नसकेकोले तत्काल विशेषज्ञ डाक्टरहरु ल्ल्याउनु पर्नेमा जोड दिए। प्रमुख जिल्ला अधिकारी दाहालले संवाद पछि कोशी अस्पताल केही सुधार हुँदै गएको बताउँदै सरकारले स्वास्थ्य क्षेत्र प्राथमिकतामा राख्नु पर्नेमा जोड दिएको थियो।


**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर

## माघ महिनाको उत्कृष्ट प्रहरीमा खड्का र चौधरी घोषित

बिराटनगर । इलाका प्रहरी कार्यालय रंगेली, मोरङमा कार्यरत प्रहरी निरीक्षक अनमोल खड्का र १ नम्वर प्रदेश प्रहरी कार्यालय विराटनगर दरबन्दी भई अनुसन्धान समूह (रिट) मा कार्यरत प्रहरी नायव निरीक्षक फिरोज कुमार चौधरी माघ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन् ।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुऱ्याउनुको साथै जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नम्वर ७ स्थित उखु बारीमा दुई वटा मृत लाश र जिल्ला ललितपुर गोदावरी नगरपालिका वडा नम्वर १२ स्थित गोदाम घरमा गाडेको अवस्थामा अर्को मृत लाश समेत उत्खनन् गरी घटनाको सुक्ष्म रुपमा अनुसन्धान गरी उक्त घटनामा संलग्न प्रतिवादीहरु तथा अन्य विभिन्न अपराधिक घटनामा संलग्न व्यक्तिहरुलाई पक्राउ गरेपछि सो सम्मान गरेको हो ।



प्रहरी निरीक्षक अन्मोल खड्का र प्रहरी नायम निरीक्षक फिरोज कुमार चौधरी

त्यसैगरी कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै आम नागरिकहरुमा सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले दुवै जनालाई माघ महिनाको उत्कृष्ट प्रहरी घोषणा गरिएको थियो ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङ्कन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ । सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय “क“ स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ ।




सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय, विराटनगर प्रदेश नं. १

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १

## प्रदेश १ को काम जनभावना अनुसार गर्दै गरेको मन्त्रीको दावी

विराटनगर । प्रदेश नं १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले प्रदेश सरकारले जनताका चाहाना र भावना अनुसार काम गरिरहेको बताउनुभएको छ ।

नेपाल टेलिभिजन इटहरीद्वारा उत्पादित कार्यक्रम 'प्रदेश प्रसङ्ग' मा बोल्दै मन्त्री कार्कीले एक सय दिनको अवधिमा अघिल्ला सरकारले ट्र्याक बाहिर लगेका सुशासनका कुराहरूलाई सहि मार्गमा ल्याएको बताउनु भएको थियो ।

अहिलेको सरकारले आगामी दिनमा गर्ने कामको 'रोडम्याप' पनि तयार बनेको बताउनुभयो । मन्त्री कार्कीले भन्नुभयो, 'अघिल्ला सरकारले धेरै कुराहरू ट्र्याक बाहिर लगेको थियो । त्यो कुरा मैले सरकार बाहिर हुँदा पनि प्रस्ट रूपमा राखेको हुँ । त्यस्ता त्यस्ता कुरालाई हामीले ट्र्याकमा ल्याएका छौँ । साथै हाम्रो मन्त्रालयमा पनि आगामी दिनमा कसरी अगाडि बढ्ने हो भन्ने कुराको रोडम्याप पनि बनाएका छौँ ।'

प्रदेश १ को नामकरणमा समेत अहिलेको सरकारले अग्रसरता लिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो 'एउटै पार्टीको दुई तिहाइ बहुमत हुँदा पनि नामकरण हुन सकेन हामी त गठबन्धनमा छौँ, त्यसका लागि हामीले स्वास्थ्य मन्त्री जयराम यादवको संयोजकत्वमा समिति बनाएका छौँ । हामीले नामकरण प्रक्रिया अगाडि बढाएका छौँ । नामकररणका लागि हामीलाई नेकपा एमालेको पनि सहयोग चाहिन्छ ।' नामकरणका लागि आगामी फागुन १० गते सरकारले सर्वदलीय बैठक आव्हान गरेको छ ।

बाहिरको हल्लाजस्तो खर्च बढ्दैन

मन्त्री कार्कीले सरकार विस्तार हुँदा खर्चले धान्न नसक्ने भनेर बाहिर कुरा आइरहेको भन्दै त्यसो नभएको बताउनुभयो । 'बाहिर जसरी कुरा आएको छ । त्यसो हैन, मन्त्री भनेको सांसद नै हुने हो । सांसदले पनि तलब पाएकै हुन्छन् । मन्त्री हुँदा त्यसमै केही रकम थप्ने मात्र हो । भएकै कर्मचारीले मन्त्रालय चलाउने हो । मन्त्रीलाई गाडी नयाँ किनिएको छैन । पुराना गाडी नै प्रयोग गरिएको छ । सरकार मितव्ययी बनेर काम गरिरहेको छ ।'

बाहिरको हल्लाजस्तो खर्च बढ्दैन

मन्त्री कार्कीले सरकार विस्तार हुँदा खर्चले धान्न नसक्ने भनेर बाहिर कुरा आइरहेको भन्दै त्यसो नभएको बताउनुभयो । 'बाहिर जसरी कुरा आएको छ । त्यसो हैन, मन्त्री भनेको सांसद नै हुने हो । सांसदले पनि तलब पाएकै हुन्छन् । मन्त्री हुँदा त्यसमै केही रकम थप्ने मात्र हो । भएकै कर्मचारीले मन्त्रालय चलाउने हो । मन्त्रीलाई गाडी नयाँ किनिएको छैन । पुराना गाडी नै प्रयोग गरिएको छ । सरकार मितव्ययी बनेर काम गरिरहेको छ ।'

## नेपालका....

एमसीसी परियोजना संसदबाट पारित गर्ने या नगर्ने भन्नेमा राजनीतिक रस्साकस्सी चलिरहँदा एक अमेरिकी मन्त्रीले यो परियोजना पारित नभए यसमा चीनको हात रहेको ठान्नेछौं भन्ने अभिव्यक्ति हामीप्रतिको अविश्वासको परिणति हो ।

हाम्रा अनेक कमजोरी छन् । हाम्रो आफ्नो राष्टिय स्वार्थ पहिचानमा समस्या छ । राष्ट्रिय हितका मामलामा न बृहत् छलफल छ, न निश्चित विषयमा न्यूनतम राष्ट्रिय सहमति । दलगत लोकप्रियताको लागि छिमेकी र अमेरिकाजस्तो शक्ति राष्ट्र विरुद्ध समेत राष्ट्रवादको हतियार प्रयोग हुने गरेको छ भने कुनै नेता या दलको फाइदाको लागि हरेकजस्तो दलको निश्चित छिमेकपरस्त नीति रहेको देखिन्छ । एउटा छिमेकसँग विशेष सम्बन्ध, अर्कोप्रति अविश्वास विद्यमान देखिन्छ । यिनै समस्याले नेपालको भूराजनीतिक अवस्थिति को फाइदा उठाउन हामी असफल भएका छौं र अझै असफलतातिर धकेलिंदै छौं ।

हामीले हाम्रै इतिहास हेर्‍यौं भने जतिजति बेला राष्ट्रिय मामलामा हाम्रो आन्तरिक एकता कायम भएको छ, त्यतित्यति बेला बाह्य हस्तक्षेप कम भएको र आन्तरिक द्वन्द्व बढ्दा हस्तक्षेप पनि बढेको छ । तसर्थ अन्तर्राष्ट्रिय मामलामा हाम्रो राष्ट्रिय स्वार्थ के हो र यसको पूर्ति कसरी गर्ने भन्ने विषयमा न्यूनतम राजनैतिक समझदारी रह्यो भने हाम्रो आन्तरिक एकता पनि बलियो हुन्छ र हाम्रो छिमेक लगायत बाहिरी विश्वको हामीप्रतिको एकहदसम्म विश्वास पनि कायम रहन्छ । त्यही विश्वासको जगमा हामी दुई छिमेकीबीचको गतिशील पुल नै बन्न त सकौंला, नसकौंला तर उनीहरूको सहयोग र सद्भाव लिएर सफलताको मार्गमा अघि बढ्न भने अवश्य सक्नेछौं ।

एउटा भूपरिवेष्टित र तुलनात्मक रूपमा सानो आकारको हाम्रो देशले त्यही विश्वासमा टेकेर नै समृद्धिको जग बसाउनु बुद्धिमत्तापूर्ण हुनेछ, नत्र खोक्रो राष्ट्रवादको हतियार त हाम्रा लागि प्रत्युत्पादक हुने निश्चितप्रायः छ ।

तर दुर्भाग्य, पछिल्लो समय समृद्धि हाम्रो लागि एउटा राजनीतिक नारामा सीमित भएको छ । यो नीतिभन्दा पनि लोकप्रियतावादी रणनीति भएको छ । यो एउटा निराकार सपनाजस्तो भएको छ । त्यसैले पहिला त हाम्रो सन्दर्भमा समृद्धि के हो र यो कसरी आर्जन गर्न सकिन्छ, त्यो नै स्पष्ट हुनु जरूरी छ ।

वास्तवमा चीनबाट ल्याइएका हवाईजहाज र भारतबाट ल्याइएको रेल हाम्रो कमजोरीको राष्ट्रिय तस्वीर हो । यसबाट हामीले गम्भीरताका साथ सिक्नुपर्छ ।

यी प्रश्नको उचित र अर्थपूर्ण जवाफ हामीसँग नभएसम्म स्वदेशी या विदेशी स्रोतसाधन जति भए पनि समृद्धिको कुरा कोरा गफ मात्रै हुने निश्चित छ । समृद्धि सजिलो छैन । अल्पकालीन र दीर्घकालीन नीति बनाएर र त्यसको अविच्छिन्न प्रभावकारी कार्यान्वयन गरेर मात्र देश समृद्धितिर मोडिन सम्भव छ ।हाम्रा समृद्धिका आयाम के हुन्, समृद्ध हुन के हुनुपर्छ, के गर्नुपर्छ ? हाम्रा आफ्नै अलग सम्भावना के के हुन्, हाम्रा आवश्यकता के हुन् ? के हामी आफैं गर्न सक्छौं, के गर्न हामीलाई विदेशी सहयोग चाहिन्छ ? के हामीले छिमेकबाट आश गर्न सक्छौं ? केका लागि भारत सहयोगी हुन सक्छ, के चीनले गरिदिन सक्छ ? के गर्न हामीलाई अन्य देशको सहयोग चाहिन्छ ? हामीलाई केका लागि विदेशी आर्थिक सहयोग चाहिन्छ, के गर्न प्राविधिक सहयोग भए पुग्छ ? केका लागि हामीले कसबाट कति अनुदान अपेक्षा गरेका छौं र कति हामीलाई ऋण चाहिएको छ । विदेशी सहयोगको सदुपयोग हुने ग्यारेन्टी के हो र त्यसले हाम्रो अर्थतन्त्रलाई गुणात्मक दरमा बढोत्तरी गर्ने सुनिश्चितता कसरी गर्न सकिन्छ ?

हामीले स्रोतसाधन पाएर मात्र हुँदैन, त्यसको उचित व्यवस्थापन र प्रयोग गर्न सक्नुपर्छ । स्रोतसाधनले समृद्धि दिंदैन, स्रोतले त समृद्धिको आधार मात्र दिने हो । चीनबाट हवाईजहाज त ल्यायौं, तर जहाज आउँदासम्म त्यसको प्रयोग कहाँ कसरी गरेर नाफा कमाउने केही ठोस योजना बनेकै रहेनछ । फलस्वरूप जनताको करको दुरुपयोग भयो । भारतबाट रेल ल्याइयो तर न भौतिक पूर्वाधार तयारी अवस्थामा रहेछ, न कानुनी र व्यवस्थापकीय तयारी नै पूरा भएको रहेछ ।

रेलका डिब्बा नआइन्जेल त हामी कानमा तेल हालेर बसेको जस्तो देखियो । फलतः रेल अहिले पनि त्रिपाल ओढेर बसिरहेको छ । जब स्रोतसाधन त्रिपाल ओढेर बस्छ, यसले आर्थिक संकट ल्याउँछ, समृद्धि ल्याउँदैन । रेल ल्याएर पालले छोपेर राखेर समृद्धि आउँदैन, हवाईजहाज किनेर पार्क गरी राखेर पनि उन्नति हुँदैन । वास्तवमा चीनबाट ल्याइएका हवाईजहाज र भारतबाट ल्याइएको रेल हाम्रो कमजोरीको राष्ट्रिय तस्वीर हो । यसबाट हामीले गम्भीरताका साथ सिक्नुपर्छ ।

पहिलो, हाम्रो राष्ट्रिय सुरक्षा र समृद्धिको लागि हामीले छिमेकी र अन्य शक्तिराष्ट्रको विश्वास आर्जन गर्नु हाम्रो पहिलो प्राथमिकता हुनुपर्दछ । त्यसका लागि हामीले यो विश्वास निर्माण गर्नु आवश्यक छ कि हामी अरूको हैन, आफ्नै हितका लागि काम गर्छौं । र, सँगै यो पनि स्थापित गर्न आवश्यक छ कि हामी उनीहरूको हित विरुद्ध केही हुन नदिन प्रतिबद्ध छौं । अझ एउटाबाट लाभ लिन अर्को विरुद्ध लाग्ने छैनौं भन्ने विश्वास निर्माण गर्न इमानदार प्रयास आवश्यक भएको छ । त्यही विश्वासको आधारमा हाम्रा शक्तिशाली छिमेकी र अमेरिका लगायत अन्य शक्तिराष्ट्रसँग सहयोग लिन र सहकार्य गर्न आवश्यक छ ।

उनीहरूले जेका लागि, जसरी सहयोग दिन्छन्, त्यही लिने हैन । हाम्रो आवश्यकता र प्राथमिकताका आधारमा अनुदान, ऋण या लगानी भित्र्याई त्यसको सदुपयोग गर्नसके मात्र हामी सही मार्ग र समृद्धिको मार्गमा अघि बढ्न सक्षम हुनेछौं । नत्र हामी गरिबी र अभावको भुमरीमा मात्र होइन, जटिल भूराजनीतिको डरलाग्दो खेलमैदानमा परिणत हुनेछौं । अनलाईन खबरबाट

## राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा दिएको शुभकामना संदेश

जनताको बलिदानीपूर्ण संघर्षमार्फत जहानियाँ निरंकुश राणा शासनको अन्त्य भई लोकतन्त्रको प्रक्रियामा अघि बढेको आज 'फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस'को ऐतिहासिक दिनका अवसरमा लोकतन्त्र, जनाधिकार, न्याय, समानता र जनजीविका प्राप्तिको संर्घषमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । यस अवसरमा जीवनभर प्रजातान्त्रिक मूल्य, मान्यता, आदर्श र सिद्धान्तप्रति प्रतिबद्ध रहनुभएका प्रजातन्त्रका सेनानीहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

मुलुकमा १०४ वर्षसम्म कायम रहेको जहानियाँ राणा शासन अन्त्य भई प्रजातान्त्रिक, राजनीतिक र संवैधानिक व्यवस्थाको प्रारम्भ भएको आजको दिन आधुनिक नेपालको राजनीतिक इतिहासमा विशिष्ट महत्व पनि छ । आजको दिनलाई नेपाली जनता रैतीबाट सार्वभौम नागरिक बन्नेतर्फ मार्ग खुलेको दिनको रुपमा पनि स्मरण गरिन्छ । बेग्लाबेग्लै परिघटना भए पनि प्रजातन्त्रको जगमा आधुनिक गणतन्त्र नेपाल हुन सम्भव भएको हुनाले यसको खास महत्व रहेको छ ।

यससँगै नेपालको राजनीतिक ढाँचा र स्वरुप बदलिएर नेपाल अहिले संघीय गणतन्त्र नेपाल भएको छ । नेपालमा युगान्तकारी परिवर्तनका लागि धेरैले आफूलाई संघर्षमा समाहित गरेका छन् । राणा शासन सुरु हुनुअघिदेखि राणा शासनविरुद्धका आन्दोलन, पञ्चायती व्यवस्था अन्त्यका लागि गरिएको आन्दोलन, पछिल्लो गणतान्त्रिक आन्दोलन, जनयुद्ध, मधेश आन्दोलनलगायतका आन्दोलनहरूमा हजारौं नेपाली जनताले ज्यान गुमाएका छन्, सहादत प्राप्त गरेका छन् । ती महान सहिदहरूको त्याग र बलिदानको परिणामस्वरुप नै मुलुकमा गणतन्त्र, लोकतन्त्र, संघीय शासन प्रणाली स्थापना हुनुका साथै विकास र समृद्धिको ढोका खुलेको छ ।

आजको महत्वपूर्ण घडीमा प्रजातन्त्रलाई थप दरिलो, जनमुखी एव समावेशी गराउन र सहिदका सपनाहरू पूरा गर्नका साथै बाँकी उपलब्धिहरू प्राप्त गर्न सबै मिलेर अघि बढौं । मन, वचन, कर्मले इमान्दारिताका साथ लागी परौं भन्ने आह्वान पनि गर्न चाहान्छु । राष्ट्रिय प्रजातन्त्र दिवस-२०७८ का अवसरमा फेरि पनि प्रदेश नं. १ सहित देश, विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी सबैमा शुभकामना व्यक्त गर्दै सबैको सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु र प्रगतिको कामना गर्दछु ।

राजेन्द्रकुमार राई मुख्यमन्त्री, प्रदेश १
मिति : २०७८ फागुन ०७ गते, शनिबार

# गर्मी मौसमको ६ उपयोगी हरियो तरकारी

गर्मी मौसममा खानपानमा अलिकता लापरवाहीले पनि बिरामी पर्ने सम्भावना हुन्छ । जाडो मौसमको तुलनामा गर्मीमा पाचन शक्ति कमजोर हुन्छ । यस्तो बेला बढी तारेको या मसालायुक्त खाना धेरै खानुहुँदैंन । फुड प्वाइजनको समस्या हुने पनि यही मौसममा हो । त्यसैले यो मौसममा हल्का या सजिलै पच्ने खालको खाना खानुपर्छ । गर्मीमा यी तरकारी खानु उपयोगी मानिन्छ ।

१. लौका : लौकामा करिब ९६ प्रतिशत पानी हुन्छ । सलादमा काँक्रोले काम गरेजस्तै यसले तरकारीमा पनि त्यस्तै काम गर्छ । लौका चिसो खालको तरकारी हो । यसले कलेजो स्वस्थ राख्न मद्धत गर्छ । क्यालोरी कम हुने भएकाले सजिलै पचाउन सकिन्छ । गर्मी मौसममा यसले पेट सफा पार्छ । ग्यास बन्न दिँदैंन । फाइबर पनि हुने हुनाले अल्सर, पायल्स र ग्यास्ट्रिकका रोगीका लागि लाभदायी हुन्छ ।

२. प्याज : गर्मी मौसममा प्याज वरदान नै हो । यसमा भिटामिन सी, भिटामिन बी ६ र म्याङगनिजको मात्रा भरपूर हुन्छ । यसका अलावा क्याल्सियम, आइरन, फोलेट, म्याग्नेसियम, फस्फोरस र पोटासियम पनि पाइन्छ । यसमा क्वेरसेटिन नामक एन्टीअक्सिडेन्ट पनि हुन्छ । यो मौसममा काचो प्याज खानाले लू पनि लाग्दैन । यसलाई तरकारीको रुपमा मात्र नभई काचै सलादका रुपमा खान सकिन्छ ।

३. करेला : स्वादमा तीतो भएपनि करेला स्वास्थ्यका लागि निकै लाभदायी मानिन्छ । यो सजिलै पच्छ । यसमा फस्फोरस पाइने भएकाले कफको समस्या हटाउन पनि मद्धत गर्छ । यसका साथै प्रोटीन, क्याल्सियम, कार्बोहाइड्रेट, फस्फोरस र भिटामिन पाइन्छ । करेलाले पाचनशक्ति मजबूत पार्ने भएकाले भोक पनि जगाउछ । यो चिसो खालको तरकारी भएकाले गर्मी मौसममा उपयोग गर्नु राम्रो मानिन्छ ।

४.हरियो सिमी : हरियो सिमीले पनि शरीरलाई आवश्यक पोषक तत्व प्राप्त हुन्छ । यसमा पर्याप्त मात्रामा भिटामिन ए, सी र बी ६ पाइन्छ । यो फोलिक एसिडको पनि राम्रो स्रोत हो । यसका अलावा क्याल्सियम, सिलिकन, आइरन, म्याङनिज, बिटा क्यारोटिन, पोटासियम र कपर तत्व पनि सिमीमा पाइन्छ । पर्याप्त मात्रामा एन्टीअक्सिडेन्ट पाइने भएकाले पनि यसले शरीरमा रोग प्रतिरोधी क्षमतामा वृद्धि गर्छ । कोशिकाहरुको क्षति ठीक गरी नयाँ कोशिका निर्माण गर्न पनि मद्धत गर्छ ।

५. फर्सी : फर्सी खनिज तत्वले भरपूर हुन्छ । यसले शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्छ भने एसीडीटी हटाउन र तौल कम गर्न मद्धत गर्छ । यसको बियाँले प्रोस्टेट क्यान्सरका बिरामीलाई फाइदा पुग्छ । यसमा आइरन, म्याग्नेसियम, सेलेनियम र फस्फोरस हुन्छ । गर्मी मौसममा पेट गडबड हुनेहरुका लागि यो निकै राम्रो खाद्यपदार्थ हो ।

६. गोलभेंडा : दिनुहँ एउटा गोलभेंडा खाने हो भने धेरै खालका रोगबाट बच्न सकिन्छ । यसमा भिटामिन ए र सी, फोलेट, पोटासियम, फाइबर र सबै खालका एन्टी अक्सिडेन्ट पाइन्छ । गोलभेंडा खानाले शरीरको रोगप्रतिरोधी क्षमता मजबूत हुन्छ भने रक्तचाप पनि नियन्त्रणमा आउँछ । त्यसैले मुटुका रोगीका लागि यो निकै उपयोगी मानिन्छ ।




## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ये हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १

## हार्दिक बधाई तथा शुभकामना



जिल्ला मोरंग धनपालथान गाउँपालिका वडा नं. २ खैरबोना निवासी अनिल कुमार सुतिहार र कटहरी गाउँपालिका वडा नं. २ आदर्शटोल निवासी राजनन्दनी सुतिहार २०७८ साल माघ २७ गते विहीवारका दिन बैवाहिक जीवनमा बाधिएकोले वैवाहिक जीवनको सफलताको कामना गर्दै हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

हजुर आमा : गंगा देवी सुतिहार,
बुवा/आमा शिवनारायण सुतिहार-सरस्वती देवी सुतिहार, ललिता देवी सुतिहार, ठूलो बुवा/आमा : जयनारायण सुतिहार-राधादेवी सुतिहार, काका/काकी : सुरेन्द्र प्रसाद सुतिहार-मंजु सुतिहार, घनश्याम सुतिहार-विमला सुतिहार, आनन्द सुतिहार-मंजु सुतिहार, श्याम सुन्दर सुतिहार-मंजु शर्मा, पिसा/पिसी : बालेश्वर सुतिहार-लिला देवी सुतिहार, शिवलाल मिस्त्री-कला देवी सुतिहार, रामलाल सुतिहार-निर्मला देवी सुतहार, दिदी/भिनाजु : रामलाल सुतिहार-मंजु सुतिहार, नरेश सुतिहार-रंञ्जु देवी सुतिहार, दाजु/भाउजू : संजय सुतिहार-पिंकी सुतिहार, अभिनाश सुतिहार, भाई/बहिनी अरुण सुतिहार, पंकज सुतिहार, धर्मेन्द्र सुतिहार, सचिन सुतिहार, श्रेय शर्मा, उपेन सुतिहार, मंजिल शर्मा, भतिजा/भतिजी : ओम सुतिहार, अमन सुतिहार, अनु सुतिहार एवं समस्त सुतिहार परिवार

**एवम्**

**क्राईम अपरेशन साप्ताहिक परिवार, विराटनगर**